# दुहुँ गाउँपालिका गाउँसभाको अठारौँ अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री शान्ती देवी बमज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३।०८४ को बजेट वक्तव्य

दुहुँ गाउँपालिका
हिकिला,दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

आदरणीय यस गाउँ सभाका सभाध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

दुहुँ गाउँसभाको सदस्यको हैसियतले आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गरिरहदा राष्ट्रप्रति समर्पित भई विभिन्न आन्दोलनहरुमा घाइते तथा वेपत्ता भएका नागरिकहरु प्रति सम्मान प्रकट गर्दै त्यस्ता युगान्तकारी नेतृत्वको भुमिका निर्वाह गर्ने शिखर व्यक्तित्वहरु प्रति सम्मान व्यक्त गर्दछु । साथै म राष्ट्रको लागि प्राणको आहुति गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

देशकै सुदूरपश्चिम उत्तरी भागमा रहेको छुट्टै पहिचान बनाउन सफल भएको यो दुहुँ गाउँपालिकाको गाउँसभाको अठारौँ अधिवेशनबाट आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त खुसी एवं गर्व महसुस भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम तीन वटै तहका सरकारहरु सञ्चालनमा आएका छन् । नेपाली जनताले आफैले निर्माण गरेको संविधानको कार्यान्वायनसँगै स्थानीय सरकारमा महिला, दलित, आदिबासी, जनाजाती तथा अल्पसंख्यक लगायतको अर्थपूर्ण उपस्थितिमा समावेशीतालाई प्रवर्द्धन गर्दै समाजका हरेक वर्ग, क्षेत्र र समुदायको विकास र समृद्धिमा टेवा पुऱ्याउने कुरामा हामी विश्वस्त छौँ।

हाम्रा समस्याहरु धेरै छन् । स्रोत र साधन न्यून रहेको छ । उपलब्ध स्रोत र साधनबीच समूचित तालमेल मिलाई न्यून स्रोत साधनबाट अधिक समस्या समाधान गर्नु चुनौतीको रुपमा रहेको छ । तथापी चुनौतीलाई अवसरको रुपमा लिई मितव्ययीता अपनाई स्रोत साधनको सदुपयोग गर्न प्रतिबद्ध रहेको कुरा सम्मानित सभालाई विश्वास दिलाउन चाहन्छु ।

बस्तिस्तर बाट योजनाहरुको छनोट भई वडा समितिको कार्यालयबाट प्राथमिकीकरण गरेर गाउँपालिकामा आइसके पछि बजेट तथा कार्यक्रम तर्जुमा समितिले प्राथमिकीकरण एवं औचित्यको आधारमा योजनाहरु छनोट गरी कार्यपालिकाबाट स्वीकृत गरी आज हामीले गाउँसभामा प्रस्तुत गरेका छौँ । गत आर्थिक वर्ष देखिका क्रमागत योजना तथा कार्यक्रमहरुलाई कार्यान्वियन गर्न निरन्तरता दिएका छौ । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी गाउँपालिकाको आय, व्यय, योजना, नीति तथा कार्यक्रम एवं बजेट अषाढ १० गते भित्र पेश गरी सक्नु पर्ने भन्ने प्रावधान बमोजिम आजको यस सभामा बजेट तथा कार्यक्रम पेश गरेका छौ । यसमा व्यापक छलफल गरी पारित गरेर आगामी आर्थिक वर्ष देखि कार्यान्वयनको दिशामा जानेछौ । विभिन्न कार्यविधि र नियमावलीहरु कार्यपालिकाबाट स्वीकृत भएका छन् । यस दुहुँ गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि लिएको नीति तथा कार्यक्रम यस भन्दा पूर्व प्रस्तुत भैसकेको छ ।

चालु आर्थिक वर्ष २०८२/०८३ को यथार्थ आय व्ययको अनुमोदन, आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको अनुमानित बार्षिक बजेट तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान स्वीकृत गर्न सभामा पेश गरेको छु ।

प्राप्त अवसरको सदुपयोग र चुनौतिहरुको सामना गर्दै दुहुँ गाउँपालिका क्षेत्रको भोली र भविष्यको विकासको खाकाको रुपमा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- ❖शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने
- ❖स्थानीय उत्पादानको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरि आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने
- ❖स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा प्राथमिकीकरण गरि दिगो पूर्वाधार निर्माण गर्ने
- ❖सुशासनको अभिवृद्धी गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमूखी बनाउने
- ❖शिक्षा स्वास्थ्य र जनजीविकाको उन्ननयन र लागानीमा वृद्धी गर्ने ,
- ❖कृषि पर्यटन शैक्षिक तथा औद्योगिक क्षेत्रहरुको पर्वद्धनात्मक कार्यक्रम संचालन गर्ने
- ❖गाउँपालिकाले निर्माण गरेको विद्यालय गुरु योजना कार्यान्वियनका लागि आवश्यक व्यवस्था गर्ने ।

**उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छुँ:**

- ❖जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार निर्माण गर्ने
- ❖सूचना प्रविधिको प्रयोगले छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने
- ❖सेवा प्रवाह संस्थागत क्षमता विकास पारदर्शिता र सुशासन अभिवृद्धी गर्ने
- ❖वातावरण संरक्षण दिगो विकास विपद व्यवस्थापनमा टेवा पुऱ्याउने
- ❖परम्परागत धर्म, संस्कृति, चाँडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन गर्ने
- ❖राजश्व संकलनमा अभिवृद्धी गर्ने
- ❖जनताको जीवनस्तर, रोजगारी र आम्दानी वृद्धी गर्ने
- ❖स्थानीय सहभागिता जूटाउने र स्वंय सेवा परिचालन गर्ने
- ❖महिला बालबालिका तथा पिछडीएको क्षेत्रलाई प्रत्यक्ष लाभ हुने कार्यक्रम लागु गर्ने
- ❖लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धी गर्ने

❖ भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धीमा सघाउ पुऱ्याउने ।

अब म दुहुँ गाउँपालिकाको यिनै उद्देश्य तथा प्राथमिकतामा आधारित रही तयार गरिएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

स्थानीय सरकारको अवधारणा, विकेन्द्रिकरणको मुल मर्मलाई आत्मसाथ गर्दै यो बजेट तथा कार्यक्रम निमार्ण गरिएको छ । बजेटको सीमितता एवं आवश्यकताको असिमिततालाई विचार गरी प्राथमिकता प्राप्त योजनाहरुमा बजेट विनियोजन गरिएको छ । गाउँपालिका भित्र थुप्रै समस्या र चुनौतिहरु छन । बाढी, पहिरो, भु-क्षय, ढल निकास आदि समस्याहरु हामी सामु छन् । कृषि, सिंचाई, स्वास्थ्य, शिक्षा, सडक, खानेपानी लगायत अन्य क्षेत्रमा अपेक्षा गरे अनुसार रकम विनियोजन गर्न सकिएको छैन । तुलनात्मक रुपमा आन्तरिक आय उठ्न नसक्दा माग अनुसार बजेट विनियोजन गर्न सकिएको छैन । गाउँबासीका माग र स्रोत साधन को क्षमता बीच सन्तुलन कायम गर्न कठिन भएको छ । वडा समितिबाट प्राथमिकता भई आएका योजनाहरुलाई गाउँपालिकाको क्षमता हेरी समेट्ने प्रयास गरेका छौं । सबै करदाताहरुलाई करको दायरामा ल्याउन जरुरी छ । मैले तिरेको कर मेरै गाउँको विकासका लागि नै हो भन्ने भावनाको विकास हुनु जरुरी छ ।
स्थानीय तहले सरकारको मुल्य र मान्यता अनुरुप काम गर्नु पर्ने भएकोले धैरै जसो जनताका माग पूरा गर्न सकिएको छैन । हामीले गत वर्ष सम्म अधुरा योजनाहरुलाई यस वर्ष पनि निरन्तरता दिएका छौ । पूर्वाधार विकासले मात्र विकासको वृहत अवधारणालाई समेट्न सक्दैन । पूर्वाधार विकाससँगै आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत सुधार, सुशासन जस्ता विविध क्षेत्रको सन्तुलित विकासले नै समग्र विकासलाई समेट्दछ । तसर्थ यिनै क्षेत्रको विकासको लागि बजेटको व्यवस्था गरिएको छ । शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन, सूचना तथा संचार प्रविधि, जस्ता क्षेत्रमा रकम बाँडफाँड गरिएको छ ।

सभाध्यक्ष महोदय,

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि श्रोतको अनुमान तथा त्यसका माध्यम एवं विनियोजित बजेटका बारेमा प्रकाश पार्न चाहन्छु । आगामी आर्थिक वर्ष २०८३/०८४ को कुल बजेट ३७ करोड ७० लाख ७४ हजार प्रस्ताव गर्न चाहन्छु । उक्त रकम संघीय वित्तीय समानिकरणबाट रु. ८ करोड ३१ लाख, संघीय सशर्त चालु अनुदानबाट रु. १३ करोड ८० लाख, संघीय सशर्त पुजिगत अनुदानबाट रु. ३३ लाख, संघीय राजश्व बाँडफाँड बाट रु. ६ करोड ८२ लाख, घरजग्गा रेजिष्ट्रेशन दस्तुर वाफत २ लाख १० हजार, प्रदेश वित्तीय समानीकरणबाट ७९ लाख १९ हजार, प्रदेश सवारी साधन करबाट रु. २५ लाख ६४ हजार,**

**आन्तरिक आम्दानीबाट रु. २४ लाख ३८ हजार, संघ समपूरक अनुदान २ करोड ५२ लाख, संघ विशेष अनुदान १ करोड, प्रदेश समपुरक अनुदान ८९ लाख ६२ हजार, प्रदेश विशेष अनुदान ४६ लाख, प्रदेश सशर्त अनुदान पुजिगत २ करोड २५ लाख प्राप्त हुने प्रस्ताव गरेको छु ।**

**यसै गरी खर्च तर्फ चालु खर्च रु. २८ करोड ७ लाख ४२ हजार र पुजिगत खर्च रु. ९ करोड ६३ लाख ३२ हजार खर्च हुने प्रस्ताव गरको छु जुन चालु खर्च ७४.४५ प्रतिशत र पुजिगत खर्च २५.५५ प्रतिशत देखिन्छ । उपरोक्त बमोजिमको रकम मध्येबाट संघ वित्तीय समानिकरण, राजश्व बाँडफाँड, प्रदेश वित्तीय समानिकरण, प्रदेश सवारी कर, आन्तरिक आम्दानी र संघको रोयल्टीको विषयगत क्षेत्रको बाँडफाँड अनुसूचीमा उल्लेख गरिएको छ ।**

सभाध्यक्षज्यू

अब म यस दुहुँ गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन भएका मुख्य मुख्य क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु ।

- गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार वृहत शैक्षिक सुधार कार्यक्रम लागु गर्न निर्माण गरिएको विस्तृत परियोजना प्रस्ताव **(DPR)** स्वीकृत भई लागु भएकोले यस कार्यक्रमको आगामी आर्थिक वर्षमा कार्यान्वयन निरन्तरताका लागि **रु १ करोड ८४ लाख** विनियोजन गरेको छुँ । शैक्षिक विकासका लागि सामुदायिक विद्यालयहरुमा वृहत शैक्षिक कार्यक्रमका लागि रु **२० लाख ५० हजार** बजेट विनियोजन गरेको छुँ ।
- सामुदायिक विद्यालयबाट **SEE** उत्तीर्ण गरि प्राविधिक शिक्षा अध्ययनको लागि प्रवेशिका परीक्षामा नाम निकाल्न सफल एक एक जना विद्यार्थीलाई **MBBS** र **BE** पढ्न ५० प्रतिशत छात्रवृती उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिन **रु १० लाख** बजेट विनियोजन गरेको छुँ ।
- पालिकास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित रुपमा संचालन गर्न **रु १२ लाख** विनियोजन गरेको छुँ ।
- आमा बुवा विहिन टुहुरा बालबालिकाको बाच्न पाउने मौलिक हकको सुनिश्चितता गर्दै गाँस, बाँस, कपास र शिक्षाको पूर्ण सुविधा सहित स्थानीय सरकारद्वारा संचालन गरिएको आवासीय अनाथालयलाई थप व्यवस्थित रुपमा संचालन गर्न **रु १० लाख** बजेट विनियोजन गरेको छुँ ।

- प्रारम्भिक बाल विकास कक्षाहरुमा कार्पेट राउन्ड टेवल सहित डिजिटल प्रविधिको प्रयोग , गरि कक्षाकोठाहरु सिकाइमैत्री, मनोरञ्जक र बालमैत्री बनाउन आवश्यक रकम विनियोजन गरेको छुँ।
- शिक्षा, युवा तथा खेलकुद शाखाका निरन्तर कार्यक्रमहरुलाई कार्यान्वयन गर्न **रु १४ करोड २३ लाख २८ हजार** विनियोजन गरेको छुँ।
- स्वास्थ्य शाखा अन्तरगत संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिन **रु. ८७ लाख ५० हजार** बजेट विनियोजन गरेको छुँ।
- जटिल किसिमका रोगीहरुलाई आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिन **रु. १० लाख** विनियोजन गरेको छुँ।
- सर्वाङ्गीण मानव विकासका लागि उत्पादन र उत्पादकत्व वृद्धी एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रमका लागि **रु. १ करोड** विनियोजन गरेको छुँ।
- खानेपानी तथा सरसफाइको समस्या समाधानका लागि वृहत खानेपानी तथा सरसफाइ योजना वडा नं. १ सम्पन्न गर्न दुहुँ गाउँपालिकाको संघीय समानिकरण अनुदान बाट रु. **६९ लाख** विनियोजन गरेको छुँ।
- यस दुहुँ गाउँपालिका अन्तरगत भौतिक पूर्वाधार विकास शाखामा कार्यरत प्राविधिक धारका कर्मचारीहरुलाई फिल्ड भत्ता स्वरुप उचित प्रोत्साहनको व्यवस्था गर्न **रु. १३ लाख ३२ हजार** विनियोजन गरेको छुँ।
- विपद् लाभग्राहीहरुको लागत साझेदारी अन्तरगत गाउँपालिकाले व्यहोर्नु पर्ने रकमका लागि **२५ लाख** विनियोजन गरेको छुँ।
- न्यायिक कार्यसम्पादनलाई चुस्तदुरुस्त बनाउन **रु. ७ लाख** विनियोजन गरेको छुँ।
- घरघरमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिन **रु. २ लाख ५० हजार** विनियोजन गरेको छुँ।
- एकल पुरुष महिलाहरुलाई गाउँपालिकाले प्रदान गर्ने सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिन **रु. ३ लाख** विनियोजन गरेको छुँ।
- वडा कार्यालयबाट निर्माण गरिने विकास कार्यक्रमलाई निरन्तरता दिन **रु. ८६ लाख** विनियोजन गरेको छुँ।
- गाउँपालिकाका अन्तरगतका पदाधिकारी र कर्मचारीहरुको पारिश्रमिक, सेवा सुविधा र अन्य प्रशासनिक खर्चका लागि **रु. ७ करोड ०३ लाख १० हजार** विनियोजन गरेको छुँ।
- जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजनासंगको साझेदारीका लागि **रु. १ करोड** बजेट विनियोजन गरेको छुँ।



दुहुँ गाउँपालिका

- ऐतिहासिक भाडि तिर्थस्थल निर्माण योजना आगामी ३ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी आ.व.२०८३।०८४ को लागि **रु. १ करोड ३२ लाख** विनियोजन गरेको छुँ।
- तिंकर सडक सल्याडी मोड देखि दुहुँ गाउँपालिका वडा नं. ३ को कार्यालय, ब्रहमदेव स्वास्थ्य चौकी हुदै फारभिटा सम्मको पर्यटकीय सडक स्तरोन्नती कार्यका लागि **रु. ३९ लाख ८४ हजार** विनियोजन गरेको छुँ।
- हिकिला सिद्धटोपी पर्यटकीय पदमार्ग निर्माण योजनाका लागि **रु. ७२ लाख ७८ हजार** विनियोजन गरेको छुँ।
- आर्थिक वर्ष २०८२।०८३ को भुक्तानी बाँकी शिर्षक खर्च प्रयोजनका लागि रु**. २ करोड ६० लाख** बजेट विनियोजन गरेको छुँ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्ताव गरिएका योजना तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान एवं २०८३ जेष्ठ मसान्त सम्मको आम्दानी र खर्च रकमको विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

अन्तमा, बजेट, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी, कर्मचारी मित्रहरु, राजनीतिक दलका प्रतिनिधिहरु, महिला, दलित, जेष्ठ नागरिक, अशक्त अपांग लगायत सबै गाउँबासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस गाउँपालिकाले थालनी गरेको विकास निर्माणका कार्यहरुमा दुहुँबासी सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दै सभाध्यक्ष ज्यूको अनुमतिले आर्थिक वर्ष २०८३/०८४ को यो बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृतीका लागि टेबुल गर्दछु।

**धन्यवाद।**

| दुहुँ गाउँपालिकाको आ.व.२०८३।०८४ का योजना तथा कार्यक्रमहरु | | | |
|---|---|---|---|
| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट रु. हजारमा | कैफियत |
| 1 | मनोसामाजिक परामर्श करार सेवा शुल्क | 280 | |
| 2 | रोजगार संयोजकको स्थानीय भत्ता | 142 | |
| 3 | एम आई एस अपरेटर लागत साझेदारी | 288 | |
| 4 | एक गाउँ एक प्राविधिक | 120 | |
| 5 | फिल्ड सहायक लागत साझेदारी | 264 | |
| 6 | सूचना प्रविधि अधिकृत थप तलब | 335 | |
| 7 | कृषि स्नातक थप तलब | 54 | |
| 8 | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सृजना | 1147 | |
| 9 | बहुक्षेत्रीय पोषण सहजकर्ता पारिश्रमिक | 144 | |
| 10 | बृहत शैक्षिक सुधार योजना | 3700 | |
| 11 | ऐतिहासिक भाडि तिर्थस्थल निर्माण योजना | 2700 | |
| 12 | तिंकर सडक देखि वडा ३ कार्यालय सम्म सडक | 800 | |
| 13 | हिकिला सिद्दटोपी पर्यटकिय पदमार्ग निर्माण | 1500 | |
| 14 | बृहत खानेपानी तथा सरसफाई योजना वडा नं १ | 6900 | |
| 15 | जलवायु परिवर्तन कार्यक्रम | 10000 | |
| 16 | चालु तथा प्रशासनिक खर्च | 74310 | |
| 17 | भुक्तानी बाकी | 26000 | |
| 18 | बालबिकास सहजकर्ता बिद्यालय कर्मचारी सेवा सुविधाको थप रकम | 5200 | |
| 19 | सहजकर्ता शिक्षकहरुका लागि तलब भत्ता | 10700 | |
| 20 | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता संचालन | 1200 | |
| 21 | अनाथालय सञ्चालन तथा व्यवस्थापन | 1000 | |
| 22 | बिद्यालय तथा पालिका स्तरीय परीक्षा सञ्चालन | 700 | |
| 23 | गाउँपालिका छात्रबृति | 1000 | |
| 24 | सामुदायिक सिकाइ परिचालिका थप पारिश्रमिक | 78 | |
| 25 | नर्सिङ्ग कर्मचारीहरुलाई नाइट ड्युटि गरे वापत भत्ता | 90 | |
| 26 | सामुदायिक स्वास्थ्य स्वयमसेविका प्रोत्साहन कार्यक्रम | 648 | |
| 27 | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम | 250 | |
| 28 | शान्ति सुरक्षा कार्यक्रम | ५० | |
| 29 | बजार अनुगमन कार्यक्रम | ५० | |

| | | | |
|---|---|---|---|
| 30 | आर्थिक सहायता तथा उपचार खर्च कार्यक्रम | 1000 | |
| 31 | एकल महिला पुरुष सामाजिक सुरक्षा भत्ता | 300 | |
| 32 | विपद लाभग्राहि जिल्ला विपद व्यवस्थापन कोष | 2500 | |
| 33 | वडा कार्यालय | 8600 | |
| 34 | महिला दिवश कार्यक्रम | 100 | |
| 35 | लैङ्गिक हिसां विरुद्धको १६ दिने अभियान | 200 | |
| 36 | अपाङ्गता समन्वय समितिको बैठक | 100 | |
| 37 | न्यायिक समिति कार्यक्रम | 700 | |
| 38 | निशुल्क वितरणका लागि औषधी खरिद | 500 | |
| 39 | पशु औषधी खरिद | 400 | |
| 40 | साइबर क्राइम सम्बन्धी अभिमुखिकरण | 100 | |
| 41 | सूचना प्रविधि उपकरण खरिद | 257 | |
| 42 | सूचना प्रविधि क्षमता विकास तालिम | 104 | |
| **जम्मा** | | **164511** | |

हँदुङ गाउँपालिका

**दुहुँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला**
**कार्यालयको कोड : ८०७७३५०२३००**

## दुहुँ गाउँपालिकाको त्रिवर्षिय (आ.व.२०८३/०८४ -०८५।०८६) को लागि आयको प्रक्षेपण

| क्र.स. | शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८२/८३ को संसोधित अनुमान | आ.व. २०८३/८४ को अनुमान | आ.व. २०८४/८५ को अनुमान | आ.व. २०८5/८6 को अनुमान | ३ वर्षको जम्मा प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| क | राजस्व | ७३७४२३२९.६१ | ६३२७३५५८.४८ | ७४१३९५३५. | ७३४९३००० | ७४४६७०६० | ७५४७४७०९ | २२३४३४७६९ |
| १ | आन्तरिक श्रोत | ३८३९३८०५ | ५९०४४९०.४४ | ५५९४०१६. | **२४३८०००** | २६८१८०० | २९४९९८० | ८०६९७८० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम | ३५३४८५२४.७६ | ५७३६९०६८.०४ | ६८५४५५१९. | ७१०५५००० | ७१७८५२६० | ७२५२४७२९ | २१५३६४९८९ |
| २.१ | घरजग्गा रजिष्टेशन दस्तुर | ७९१७९ | ८१७४१.०० | २०००००. | **२१००००** | २३१००० | २५४१०० | ६९५१०० |
| २.२ | मूल्य अभिबृद्धि कर, अन्तशुल्क | ३३७९३७९३.२९ | ५५७७९१३३.४६ | ६५७००७१९ | **६८२०००००** | ६८८८२००० | ६९५७०८२० | २०६६५२८२० |
| २.३ | सवारी साधन कर | १४७५५५२.४७ | १५०८१९३.५८ | २५६४०००. | **२५६४०००.** | २५८९६४० | २६१५५३६ | ७७६९१७६ |
| २.४ | अन्य रोयल्टी | | ०.०० | ८०८००. | **८१०००** | ८२६२० | ८४२७२ | २४७८९२ |
| ख | समानिकरण अनुदान | ८८१०४००० | ८६०७२५६०.०० | ९०७३२०००. | ९१०१९००० | ९१९२९१९० | ९२८४८४८२ | २७५७९६६७२ |
| १ | संघीय सरकार | ८०९१०००० | ७८५४६५६०.०० | ८२९०००००. | **८३१०००००** | ८३९३१००० | ८४७७०३१० | २५१८०१३१० |
| २ | प्रदेश सरकार | ७१९४००० | ७५२६०००.०० | ७८३२०००. | **७९१९०००** | ७९९८१९० | ८०७८१७२ | २३९९५३६२ |
| ग | ऋण | 0 | ०.०० | ०. | ० | ० | ० | ० |
| | कुल आय | **१६१८४६३२९.६१** | **१४९३४६११८.४८** | **१६४८७१५३५.** | **१६४५१२०००.** | **१६६३९६२५०.** | **१६८३२३१९०.७** | **४९९२३१४४१** |